# केरोङ् (Gyirong or Kyerung)




थोरै मात्रामा चिनिएको केरोङ् मानिसहरू तिब्बत र नेपाल सिमानाको दुवैपट्टि हिमालहरूमा बसोबास गर्दै आइरहेका छन्। दक्षिणी तिब्बत र तिब्बत-नेपालको सिमानामा ८,५०० जना केरोङ् भाषा बोल्ने मानिसहरू छन्, साथै ३,००० जना केरोङ्हरू नेपालको रसुवा जिल्लाको रसुवाघारी, ब्रिदिम, थङ्जेत, स्याप्रु र स्याप्रुबेसीमा बसोबास गर्छन्। केरोङ्हरू थोरै सङ्ख्यामा काठमाडौँमा पनि छन्।

केरोङ्हरूलाई चीन र नेपालमा तिब्बतीहरूको सूचीमा राखिएको छ। नेपालमा रहेको १३,००० तिब्बतीहरूको जनसङ्ख्यामा केरोङ्हरूको सङ्ख्या उल्लेखनीय छ।

सातौँ र आठौँ शताब्दीहरूमा तिब्बतको साम्राज्य वृद्धि भएर काश्मीर, चीन, तुर्किस्तान, सिक्किम, भुटान, नेपाल, र उत्तरी बर्मासम्म फैलियो। सन् १७८८ मा नेपालको गोर्खाली सेनाले आक्रमण गर्दा तिब्बतीहरूले चीनको सहायता खोजे। यसपछिको समयहरूमा तिब्बतमा चीनको प्रभाव बढ्दै गयो। सिक्किम, भुटान, र नेपाल छुट्टिएर छुट्टा-छुट्टै राष्ट्रहरू भए।

केरोङ् जातिहरू पनि अरू तिब्बतीहरू जसरी नै तिब्बतीय बुद्ध धर्मलाई पछ्याइरहेका छन्, र दलाई लामालाई आफ्नो सर्वश्रेष्ठ आत्मिक गुरु मान्दछन्।

काठमाडौँमा रहने केही केरोङ्हरूले उद्धार पाएको सम्भावना बढी छ, तापनि यिनीहरूको गाउँहरूमा रहेर प्रेम र धीरतासहित शब्दहरू र क्रियाहरूद्वारा सुसमाचार प्रचार गर्ने सेवकहरूको आवश्यकता अहिले पनि छ। सन् १९३२ मा पूर्वी तिब्बतमा ख्रीष्टको लागि सहिद हुनुभएको अमेरिकाको मिशनरी विलियम इ. शिमशन जस्ता सेवकहरूको आवश्यकता यहाँ छ। शिमशनले आफ्नो जीवनको बारेमा लेख्दा छोटकरीमा यसरी लेख्नुभयो: "एक्लोपन, वेदनाहरू, दुःख र कष्टहरू, जाडो र लामो यात्राको थकाइ, अन्धकार र निरुत्साह, परीक्षाहरू र गुमाएको सबै थोकहरूलाई महान् आनन्दको यो सुसमाचारको गवाही दिनुबाट पाउने खुसीसँग तुलना गर्न सक्छ र ?"




**Population:**
11,100 (2000)
13,700 (2010)
16,900 (2020)
**Countries:** China, Nepal
**Buddhism:** Tibetan
**Christians:** none known

## संक्षेप:

**अन्य नामहरू:** Kyirong, Gyirong

**जनसंख्या:** १२,०००
चीन : ८,५००
नेपाल : ३,०००
(Joshua Project)

**उपभाषाहरू:** ०

**तिब्बती बुद्ध धर्म:** १००%

**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र :** छैन

**सुसमाचारिय रेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन

**सुसमाचारको अवस्था**

